| | | |
|---|---|---|
| | महेश्वर अर्याल | अधिकृत छैटौ हरिनास गाउपालिका स्याङजा |
| | नोल वहादुर थापा | सहायक पाचौ प्रशासन हरिनास गाउपालिका स्याङजा |
| | लालचन गैह्रे | सहायक पाचौ लेखा हरिनास गाउपालिका स्याङजा |

निर्णय न. १

निर्णय नं १ माथि छलफल गर्दा यस हरिनास गाउँपालिकामा शान्ति सुरक्षार्थ गाउँ प्रहरी सहायक निरिक्षक र गाउँ प्रहरी हवल्दार करार नियुक्ती गरी काम काजमा लगाइएकोमा निजहरुको कार्य सम्पादन राम्रो नदेखिएकोले मिति २०७७/०६/१६ गते देखि गाप्रसनि मेघवहादुर रुचाल र गाप्रह दिलकुमारी थापालाइ अवकाश दिने र उक्त ठाउमा करारद्वारा पदपूर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. २

निर्णय नं. २ मा छलफल गर्दा हरिनास गाउँपालिका वार्ड नं ४ मा स्थायी घर भइ स्वदेश तथा बिदेशमा वसी आफनो स्थायी ठेगानामा आउनु भएका १४ जना महिला/ पुरुषहरुलाइ वार्ड नं. ४ को कार्यालयले आ.ब. २०७६/०७७ मा सरकारी क्वारेन्टाइनमा राखी खाना खाजा खुवाए वापत को प्रति व्यक्ति रु ५००/ का दरले १४ जनालाइ ७००००/- खर्च भएकोले सो खर्च सम्वन्धित वार्ड कार्यालयको सचिवलाइ शोधभर्ना रकम भुक्तानी दिने र यस कार्यालयबाट निर्माण गरिएको सरकारी क्वारेन्टाइनमा स्वदेश तथा बिदेशबाट आफनो घर आउनु भएका स्थानिय व्यक्तिहरु,सुरक्षाकर्मी, सरसफाइ कर्मचारी समेत लाइ खाना खाजा लगायतको गाउपालिकाबाट व्यवस्थापन गरिएकोमा सो व्यवस्थापनमा देउराली बचत तथा ऋण सहकारी संस्था र खिमा सप्लायर्सबाट सामान खरिद गर्दाको रु ६३२४३१/ रुपैया प्रकोप व्यवस्थापन शिर्षकबाट रकम भुक्तानि गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

निर्णय नं. ३ मा छलफल हुँदा पत्रकार महासंघ स्याङजाबाट महाधिवेशन कार्यका लागी आवश्यक सहयोग गरि दिनु हुन अनुरोध भइ आएकोले उक्त महासंघको निवेदन अनुरोध बमोजिम यस कार्यालयको बिविध शिर्षबाट रु २००००/- विचहजार रुपैया सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

निर्णय नं. ४ मा छलफल हुँदा यस कार्यालयको आ.ब. २०७७/०७८ को चौमासिक प्रगति विवरण सम्वन्धमा यस गाउँपालिका भित्र रहेका सरकारी निकायका प्रमुख सामुदायिक बिद्यालयका प्रअ स्थानिय राजनितिक दलका प्रतिनिधिहरु सामाजिक अगुवाहरु आमा समुह क्लव उपभोक्ता समितिहरु लगायत स्थानिय जनसमुदायहरुलाइ निमन्त्रण गरी मिति २०७७/०९/२९ गते सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

निर्णय नं. ५ मा छलफल गर्दा आ.ब. २०७७/०७८ को स्वीकृत कार्यक्रम अनुसार लघु उद्यम बिकास कार्यक्रम हरिनास गाउँपालिका वार्ड नं. ४ मा संचालन गर्ने र गरिवि निवारणका लागी लघु उद्यम बिकास कार्यक्रम संचालन निर्देशिका २०७७ को दफा ५२ बमोजिम निम्नानुसारको उद्यम बिकास समिति गठन गर्ने निर्णय गरियो ।

निम्नः

| | | | |
|---|---|---|---|
| क | खिम नारायण मानन्धर | अध्यक्ष हरिनास गाउँपालिका | अध्यक्ष |
| ख | उजेली दर्जि नेपाली | सदस्य का.पा.आर्थिक तथा योजना समिति हरिनास गाउपालिका | सदस्य |
| ग | पर्शुराम उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत हरिनास गाउँपालिका | सदस्य |
| घ | रेखा बि.क. | सदस्य का.पा. हरिनास गाउँपालिका वार्ड नं. ४ | सदस्य |
| ङ | | महिला लघु उद्यम प्रतिनिधि हरिनास गा पा ४ | सदस्य |
| च | इन्दु कुमारी थापा | बित्तिय संस्था हरिनास गाउपालिका | सदस्य |
| छ | महेश्वर अर्याल | अधिकृत छैटो हरिनास गाउँपालिका | सदस्य सचिव |

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

परशुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ६

निर्णय नं. ६ मा छलफल गर्दा संघिय सरकारबाट हस्तान्तरित कार्यक्रममा सौर्य उर्जामा विनियोजन भएको रकमका सम्बन्धमा हरिनास गाउँपालिकामा विधुतको केन्द्रिय लाइन हाल सम्म जडान नभएकोले उक्त कार्यक्रममा विनियोजन भएको रकम कार्यालय प्रयोजनका लागी गाउँपालिका कार्यालयमा सौर्य उर्जा जडान गर्ने र सुधारियको चुल्हो खरिद गरी स्थानिय वडाको माग बमोजिम विनियोजन रकमको परिधि भित्र रही वितरण गर्ने निर्णय गरियो

निर्णय नं. ७

निर्णय नं. ७ मा छलफल गर्दा यस कार्यालय र अन्तरगत कार्यालयहरुमा कार्यरत करार कर्मचारीहरुको २०७८ अषाढ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

निर्णय नं. ८ मा छलफल गर्दा देउराली बचत तथा ऋण सहकारी संस्थाबाट यस गाउँपालिकामा रहेका सवारी साधनहरुमा इन्धन भरे वापतको रु ४१४००/- र भौगोलिक अवस्थाका कारणले गर्दा कार्यालय समयमा कार्यरत कर्मचारीहरुलाइ खाजा को व्यवस्थापन गर्दा २०७७ श्रावण देखि २०७७ मंसिर सम्मको रु७८३६०/- रुपैया समेत भुक्तानी दिने निर्णय गरियो ।

परशुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७७/०९/२५ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मानन्धर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउकार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी तपशिलका निर्णयहरु गरियो ।

तपशिल:

| दस्तखत | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| | श्री खिमनारायण मानन्धर | गाउँपालिका अध्यक्ष |
| | श्री झनमाया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| | श्री भिमवहादुर भुजेल | वडाध्यक्ष वडा नं. १ |
| | श्री पर्शुराम सिग्देल | वडाध्यक्ष वडा नं. २ |
| | श्री लेखवहादुर क्षेत्री | वडाध्यक्ष वडा नं ३ |
| | श्री चिन्तामणि शर्मा | वडाध्यक्ष वडा नं ४ |
| | श्री डन्डवहादुर राना | वडाध्यक्ष वडा नं ५ |
| | श्री ~~नरबहादुर थापा~~ रिपु राना | का.वा.वडाध्यक्ष वडा नं ६ |
| | श्री केशमाया थापा | वडाध्यक्ष वडा नं ७ |
| | श्री हिममाया थापा | कार्यपालिका सदस्य |
| | श्री उजेली नेपाली दर्जि | कार्यपालिका सदस्य |
| | श्री रेखा विश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री धनमाया राना | कार्यपालिका सदस्य |
| | श्री महेन्द्र गोतामे | कार्यपालिका सदस्य |
| | श्री सुरज वहादुर नेपली | कार्यपालिका सदस्य |
| | श्री पर्शुराम उपाध्याय | सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत